# १२९ औं गाउँ कार्यपालिकाको बैठक

## कपुरकोट गाउँपालिका, सल्यान

आज मिति २०८२ साल असार ०८ गते दिउसो २:०० बजे यस कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा वहादुर पुनज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८१/०८२ को १२९ औं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा वहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री वालाराम खड्का | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री इश्वर बुढा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री प्रदिप खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मित्रलाल कठायत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री होमराज खड्का | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री श्याम कृष्ण बोहरा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री विमल कामी | कार्यपालिका सदस्य | |
| १० | श्री तिला कुमारी कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री राधिका ऐरी | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री अनिता पून | कार्यपालिका सदस्य | |
| १४ | श्री तीला बुढाथोकी रोका | कार्यपालिका सदस्य | |
| १७ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | श्री खगेन्द्र वहादुर शाही | प्रशासन शाखा प्रमुख | |
| २ | श्री विष्णु प्रसाद आचार्य | लेखा अधिकृत | |
| ३ | श्री तारादेवि सेन | कार्यालय सहयोगी | |
| | | | |

पाना ५ मध्ये पाना ।।१।।

प्रमुख प्रशासकीय अधिकृत

१२९ औं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. आ.व. २०८२/०८३ को वार्षिक बजेट, योजना तथा कार्यक्रम स्वीकृत सम्बन्धमा।

२. आ.व. २०८२/०८३ को मालपोत रजिष्ट्रेशन मूल्यांकन दर सिफारिस सम्बन्धमा।

३. वडा नं. ५ मा ज्यालादारीमा कार्यरत कार्यालय सहयोगीको तलब भुक्तानी सम्बन्धमा।

४. विविध विषयमा।

४.१. कर्मचारी खटनपटन सम्बन्धमा।

४.२. उत्कृष्ट कर्मचारी पुरस्कृत गर्ने सम्बन्धमा।

४.३. प्रोत्साहन रकम उपलब्ध गराउने सम्बन्धमा।

४.४. सभा सञ्चालन सम्बन्धमा।

४.५. करारमा सेवाना कार्यरत कर्मचारीहरुको आ.व. २०८२/०८३ को लागि करार सेवा नविकरण सम्बन्धमा।

## २०८२ असार ०८ गते बसेको १२९ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय | सम्बन्धित शाखा |
|---|---|---|---|---|---|
| १. | आ.व. २०८२/०८३ को वार्षिक बजेट योजना तथा कार्यक्रम स्वीकृत सम्बन्धमा। | आर्थिक वर्ष २०८२/०८३ को बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा बजेट तथा योजना तर्जुमा समितिबाट मिति २०८२/०३/०८ गते स्वीकृतिका लागि सिफारिस भै आएको आर्थिक वर्ष २०८२/०८३ को बजेट योजना तथा कार्यक्रम स्वीकृत गरी गाउँसभामा प्रस्तुत गर्नु पर्ने। | आर्थिक वर्ष २०८२/०८३ को बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा बजेट तथा योजना तर्जुमा समितिबाट मिति २०८२/०३/०८ गते स्वीकृतिका लागि सिफारिस भै आएको आर्थिक वर्ष २०८२/०८३ को बजेट योजना तथा कार्यक्रम अध्ययन गरी हेर्दा स्थानीय तहको बजेट तर्जुमा दीग्दर्शन, २०७८ बमोजिमको प्रक्रिया पूरा गरी वडा समिति र विषयगत शाखाबाट प्रस्तावित योजना तथा कार्यक्रमहरुलाई प्राथमिकीकरण र एकीकरण गरी कुल ४२ करोड ६८ लाख ८८ हजार बराबर आय र सोही बराबर व्यय सहितको योजना तथा कार्यक्रम पेश भएको देखिएकोले स्वीकृत गरी मिति २०८२/०३/१० गतेको १७ औं गाउँसभामा पेश गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

पाना ॥५॥ मध्ये पाना ॥७॥

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २. | आ.व. २०८२/०८३ को मालपोत रजिष्टेशन मूल्यांकन दर सिफारिस सम्वन्धमा | २.१ आ.व. २०८२/०८३ को मालपोत रजिष्टेशन मूल्यांकन दर सिफारिस सम्वन्धमा | जिल्ला मालपोत कार्यालय, सल्यानवाट आ.व. २०८२/०८३ को जग्गा रजिष्टेशन मूल्यांकन दर सिफारिस गर्ने सम्वन्धमा अनुरोध भई आएको हुँदा यस कपुरकोट गाउँपालिका अन्तर्गतका सबै प्रकारको जग्गाको रजिष्ट्रेशन शुल्का चालु आ.व. २०८१/०८२ वमोजिमनै कायम गर्ने गरी मालपोत कार्यालय, सल्यानलाई सिफारिस गर्ने। | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | प्रशासन शाखा |
| ३. | वडा नं. ५ मा ज्यालादारीमा कार्यरत कार्यालय सहयोगीको तलव भुक्तानी सम्वन्धमा। | वडा नं. ५ मा ज्यालादारीमा कार्यरत कार्यालय सहयोगीको दैनिक ज्याला अनुसारको पारिश्रमिक उपलब्ध गराउनु पर्ने। | वडा नं. ५ मा रिक्त रहेको कार्यालय सहयोगि पदको दरवन्दीमा ज्यालादारीमा कार्यरत रहेकी रेवती वि.क.ले पाउनु पर्ने मिति २०८१ चैत्र महिना सम्मको पारिश्रमिक दैनिक हाँजिरि अनुसार प्रचलित ज्याला दर अनुसार दामासाहीले हुने रकम हिसाव गरी एकमुष्टरुपमा उपलव्ध गराउने। | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | प्रशासन शाखा |
| ४. | विविध विषयमा। | ४.१. कर्मचारी खटनपटन सम्वन्धमा। | यस गाउँपालिका अन्तर्गत विभिन्न शाखा र निकायमा कार्यरत कर्मचारीहरुलाई आ-आफ्नो पदाधिकार रहेको स्थानमै खटाउने र कार्यालयको आवश्यकता अनुसार कर्मचारीहरुलाई खटनपटन गर्ने कार्य २०८२ श्रावण महिनामा गर्ने। | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | प्रशासन शाखा |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४.२. उत्कृष्ट कर्मचारी पुरस्कृत गर्ने सम्वन्धमा। | कपुरकोट गाउँ कार्यपालिकाको कार्यालय र मातहतको निकायमा कार्यरत कर्मचारीहरु मध्ये कार्यसम्पादन र समग्र पक्षलाई मूल्यांकन गरी श्रेणी विहिन स्तरवाट एक जना, सहायक स्तरवाट एक जना, अधिकृतस्तरवाट एकजना र स्वास्थ्य कर्मीहरु मध्येवाट एक जनालाई छनौट गरी उत्कृष्ट कर्मचारीको रुपमा नगद पुरस्कार रु. ५,०००।०० कर बाहेक र प्रमाणपत्रले सम्मान गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो | प्रशासन शाखा |
| | | ४.३. प्रोत्साहन रकम उपलब्ध गराउने सम्वन्धमा। | आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक र वार्षिक वजेट, योजना तथा कार्यक्रमको तर्जुमा गर्ने, योजना तथा कार्यक्रमहरु सुत्र प्रणालीमा प्रविष्टी गर्ने, गाउँ सभा सञ्चालन र व्यवस्थापन गर्ने तथा वजेट पुस्तिका डिजाइन र छपाई गर्ने कार्य समेत असार महिनामा सम्पन्न गर्नु पर्ने साथै सोहि समयावधिमा चालु आ.व.मा स्वीकृत योजना तथा कार्यक्रमहरुको भुक्तानी र फरफारक समेत गर्नु पर्ने भएवाट वजेट तर्जुमाको कार्य कार्यालय समयभन्दा अघिपछि गर्नु पर्ने देखिएकोले वजेट तर्जुमामा खटिने सम्वद्ध र सरोकारित शाखाका कर्मचारीहरुलाई अतिरिक्त समय कार्य गरेवापत असार महिनाको लागिमात्र आधारभूत तलवमानको ५०% रकम प्रोत्साहन भत्ता उपलव्ध गराउने। सोको लागि प्रमुख प्रशासकीय अधिकृतले वजेट तर्जुमा सम्वन्धी कार्यमा अतिरिक्त समय खटिने कर्मचारीहरुले दैनिक रुपमा गरेको अतिरिक्त कार्यघण्टा र कार्यप्रगति सहितको अभिलेख रेकर्ड प्रमाणित गरी अभिलेख राख्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो | योजना तथा प्रशासन शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४.४. सभा सञ्चालन सम्वन्धमा। | मिति २०८२/०३/१० गते बस्ने कपुरकोट गाउँपालिका, गाउँसभाको १७ औं अधिवेशनको दोस्रो बैठकमा सम्पूर्ण सभा सदस्यहरुलाई झोला र डायरी वितरण गर्ने, उक्त सभामा न्यायिक समितिको तर्फबाट वार्षिक प्रतिवेदन कार्यपालिका सदस्य तथा न्यायिक समिति सदस्य श्री राधिका ऐरीले, अनुगमन समितिको तर्फबाट वार्षिक अनुगमन प्रतिवेदन अनुगमन समितिका संयोजक एवम् गाउँपालिका उपाध्यक्ष श्री प्रकाश भरारीले र वार्षिक विकास योजना तथा कार्यक्रमको एकीकृत प्रस्ताव कार्यपालिकाको तर्फबाट बजेट तथा योजना तर्जुमा समितिका संयोजक एवम् गाउँपालिका उपाध्यक्ष श्री प्रकाश भरारीले पेश गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो | योजना तथा प्रशासन शाखा |
| | | ४.५. करारमा कार्यरत कर्मचारीहरुको करार नविकरण सम्वन्धमा। | कपुरकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय र मातहतको निकायमा करार सेवामा कार्यरत कर्मचारीहरुको आगामी आ.व. २०८२/०८३ को लागि करार सेवा संझौता नविकरण गर्ने/नगर्ने सन्दर्भमा संघीय सरकार, प्रदेश सरकार र यस पालिकाबाट स्रोत सुनिश्चितता भएका करार सेवाका कर्मचारीहरुको हकमा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको "करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्यांकन तथा नयाँ अवधिको लागि करार संझौता सम्बन्धी मापदण्ड, २०७८" अनुसार असार मसान्त, २०८२ भित्र कार्यसम्पादन मूल्यांकन गरी गराई ठहरे बमोजिम गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो | योजना तथा प्रशासन शाखा |

पाना ॥५॥ मध्ये पाना ॥५॥

प्रमुख प्रशासकीय अधिकृत